श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४४ सालको ऐन नं. ५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

पशुपति क्षेत्र विकास कोषको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट सम्वत् २०४३ साल पौष १ गते श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवस र दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको रजत जयन्तीको शुभ-उपलक्ष्यमा आयोजित समारोहमा बक्सेको सम्बोधनमा नेपाल एक मात्र हिन्दू अधिराज्य रहिआएकोले आराध्यदेव श्री पशुपतिनाथको पाशुपत क्षेत्रलाई योजनाबद्ध रूपमा सुरक्षा गर्दै सम्भार तथा विकास गर्न पशुपति क्षेत्र विकास कोष खडा गर्ने हुकुम बक्सेकोले,

हिन्दू मात्रका आराध्यदेव श्री पशुपतिनाथको क्षेत्रको सुरक्षा, सम्भार र विकास गर्न तथा सर्वसाधारण जनताको सदाचार एवं सुविधा कायम राख्न पशुपति क्षेत्र विकास कोषसम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रकाशित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

१.१ यस ऐनको नाम "पशुपति क्षेत्र विकास कोष ऐन, २०४४" रहेको छ ।

१.२ यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः

२.१ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा, –

२.१.१ "पशुपति क्षेत्र" भन्नाले पशुपति क्षेत्रको सुरक्षा, सम्भार र विकासको लागि श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको सीमानाभित्रको क्षेत्र सम्झनुपर्छ ।

२.१.२ "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको पशुपति क्षेत्र विकास कोष सम्झनुपर्छ ।

२.१.३ "संरक्षक" भन्नाले कोषका संरक्षक सम्झनुपर्छ ।

२.१.४ "अध्यक्ष" भन्नाले कोषका अध्यक्ष सम्झनुपर्छ ।

२.१.५ "परिषद्" भन्नाले कोष सञ्चालनका निमित्त दफा ८ बमोजिम गठन भएको कोष सञ्चालक परिषद् सम्झनुपर्छ ।

२.१.६ "परिषद्-सदस्य" भन्नाले परिषद्का कोषाध्यक्ष, सदस्य तथा सदस्य-सचिव समेतलाई जनाउँछ ।

२.१.७ "समिति" भन्नाले दफा १२ बमोजिम गठन भएको कार्यकारिणी समिति सम्झनुपर्छ ।

२.१.८ "सभापति" भन्नाले समितिको सभापति सम्झनुपर्छ ।

२.१.९ "समिति-सदस्य" भन्नाले समितिका सभापति, कोषाध्यक्ष तथा सदस्य-सचिव समेतलाई जनाउँछ ।

२.१.१० "चन्दा" भन्नाले कोषलाई सहयोग स्वरूप दाताले प्रदान गर्ने नगद, जिन्सी र चल अचल सम्पत्ति समेत सम्झनुपर्छ ।

२.१.११ "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

३. कोषको स्थापनाः

३.१ पशुपति क्षेत्रको विकासको लागि पशुपति क्षेत्र विकास कोष नामको एक कोष स्थापना हुनेछ ।

३.२ कोषको कार्यालय काठमाडौंमा रहनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६१७

४. कोष स्वशासित संस्था हुनेः

४.१ कोष अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

४.२ कोषको सबै काम कारवाईका निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

४.३ कोषको छाप तथा प्रतीक परिषद्ले निर्णय गरे बमोजिम हुनेछ ।

४.४ कोषले व्यक्ति सरह चल अचल सम्पत्ति खरिद गर्न, प्राप्त गर्न, उपभोग गर्न, बेच-बिखन गर्न वा आवश्यकतानुसार अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

४.५ कोषको समितिले व्यक्ति सरह नालिश उजुर गर्न र कोषको समिति उपर पनि सोही नामबाट नालिश उजुर लाग्न सक्नेछ ।

५. संरक्षकः श्री ५ महाराजाधिराज कोषका संरक्षक रहिबक्सनेछ ।

६. कोषको उद्देश्यः

६.१ कोषको उद्देश्य देहायबमोजिम हुनेछः–

६.१.१ नेपाल एक मात्र राजतन्त्रात्मक हिन्दू अधिराज्य रहिआएको र आराध्यदेव श्री पशुपतिनाथको पशुपति क्षेत्र हिन्दू मात्रको उपासना केन्द्र र सनातन तीर्थस्थलका रूपमा रहिआएकोले यस पशुपति क्षेत्रलाई सोही बमोजिम कायम गर्ने,

६.१.२ श्री पशुपतिनाथको आदर्श, गरिमा एवं महत्व अनुरूप पशुपति क्षेत्रको योजनाबद्ध रूपमा सुरक्षा, सम्भार तथा विकास गर्ने,

६.१.३ पशुपति क्षेत्रको प्राचीन, ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा राष्ट्रिय महत्त्वका वस्तु वा स्थलहरू तथा प्राकृतिक सम्पदाको सम्भार, संरक्षण तथा सम्वर्द्धन गर्ने,

६.१.४ स्वदेश तथा विदेशका तमाम हिन्दू धर्मावलम्बीहरू तथा पर्यटक समेतको सुविधाको लागि यस पावन तीर्थस्थललाई यथोचित रूपमा योजनाबद्ध रूपले सुधार गर्ने, र

६.१.५ यस ऐन बमोजिमको उद्देश्य अनुरूप अन्य कार्यहरू सुव्यवस्थित रूपले गर्ने ।

७. कोषका अध्यक्षको मनोनयनः संरक्षकबाट कोषका अध्यक्षको मनोनयन गरिबक्सनेछ ।

८. कोष सञ्चालक परिषद्को गठनः कोषले पशुपति क्षेत्रको योजनाको स्वीकृति, कार्य सञ्चालन, समीक्षा, मूल्याङ्कन, रेखदेख तथा नियन्त्रण गर्न समितिलाई समय समयमा आवश्यक मार्गदर्शन तथा निर्देशन दिने काम गर्नको लागि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कोषका अध्यक्षबाट एक कोष सञ्चालक परिषद् गठन हुनेछ । सो परिषद्को अध्यक्षता कोषका अध्यक्षबाट हुनेछ ।

९. पदावधिः

९.१ संरक्षकबाट अन्य व्यवस्था गरिबक्सेमा बाहेक कोषका अध्यक्षको पदावधि तोकिने छैन । पदेन परिषद्-सदस्यहरू बाहेक अन्य परिषद्-सदस्यहरूको पदावधि साधारणतः पाँच वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरूको पुनः मनोनयन हुन सक्नेछ ।

९.२ पदावधि समाप्त नहुँदै पदावधि तोकिएको कुनै परिषद्-सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिका लागि अर्को परिषद् सदस्यको मनोनयन हुन सक्नेछ ।

९.३ पदावधि तोकिएको कुनै परिषद्-सदस्यले पदावधि समाप्त नहुँदै पद त्याग गर्न चाहेमा अध्यक्ष समक्ष लिखित राजीनामा पेश गर्नु पर्नेछ । राजीनामा स्वीकृत भएपछि त्यस्तो परिषद्-सदस्य आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

९.४ कुनै परिषद्-सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा अध्यक्षबाट त्यस्तो परिषद्-सदस्यलाई जुनसुकै बखत हटाउन सकिनेछ ।

१०. परिषद्को काम, कर्तव्य र अधिकारः

१०.१ परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

१०.१.१ यो ऐन बमोजिम कोषको उद्देश्य पूरा गर्नका लागि प्रयत्नशील रहने,

१०.१.२ अध्यक्षबाट समय समयमा हुने मार्गदर्शनको पालन गर्ने गराउने,

१०.१.३ पशुपति क्षेत्रको योजना तथा तदनुरूपका कार्यक्रमहरू स्वीकृत गरी समितिबाट कार्यान्वयन गराउने,

१०.१.४ समितिले गर्नु पर्ने कार्यहरूको लागि नीति निर्धारण गर्ने तथा निर्देशन दिने,

१०.१.५ योजना र कार्यक्रमहरू कार्यान्वयन गर्न चाहिने वित्तीय साधनहरूको आवश्यक व्यवस्था गर्ने,

१०.१.६ कोषको उद्देश्य परिपूर्तिका लागि नेपाल अधिराज्यभित्र वा बाहिर आवश्यकतानुसार विभिन्न समिति तथा उप-समितिहरू गठन गर्ने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०.१.७ उपदफा १०.१.६ बमोजिम गठित विभिन्न समिति तथा उप-समितिहरूको निमित्त नीति निर्धारण गरी आवश्यक मार्गदर्शन वा निर्देशन दिने तथा तिनीहरूको कामको समीक्षा र मूल्याङ्कन गर्ने,

१०.१.८ पशुपति क्षेत्रको योजना र पशुपति क्षेत्रभित्रको कुनै स्थान विशेषको महत्त्व, मान्यता र सम्वेदनशीलतालाई ध्यानमा राखी त्यस्ता स्थानहरूमा गर्न नहुने कार्यहरू तोकी निषेध र नियन्त्रण गर्ने, र

१०.१.९ यस ऐन बमोजिम कोषको उद्देश्य परिपूर्तिका लागि गर्नु पर्ने कार्यहरू सम्बन्धित निकाय र व्यक्तिहरूबाट यथाशीघ्र कार्यान्वयन गर्न लगाउने ।

११. परिषद्को बैठकः

११.१ अध्यक्षबाट निर्देशन भए अनुसार परिषद्का सदस्य-सचिवले मिति, समय र स्थान तोकी परिषद्को बैठक बोलाउनेछ ।

११.२ अध्यक्षको अनुपस्थितिमा अध्यक्षबाट तोकिएको परिषद्-सदस्यको अध्यक्षतामा बैठक बस्नेछ ।

११.३ बैठक बस्ने सूचना गर्दा आवश्यकतानुसार मुनासिब समय तोकी सूचना गर्नु पर्नेछ ।

११.४ परिषद्को बैठक साधारणतः वर्षको दुई पटक बस्नेछ । तर अध्यक्षबाट निर्देशन भएमा जतिसुकै पटक पनि बस्न सक्नेछ ।

११.५ सदस्य-सचिवले बैठकको निर्णय पुस्तिका राख्नेछ ।

११.६ बैठकसम्बन्धी आवश्यक अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१२. कार्यकारिणी समितिको गठनः कोषबाट स्वीकृत योजना तथा कार्यक्रमहरू पूर्ण जवाफदेहीसाथ कार्यान्वयन गर्न तथा दैनिक कार्य सञ्चालन, रेखदेख, नियन्त्रण र परिषद्को निर्देशानुसार कोषको अन्य कार्य समेत गर्न अध्यक्षबाट कोषको एक कार्यकारिणी समिति गठन हुनेछ ।

१३. पदावधिः

१३.१ पदेन समिति-सदस्यहरू बाहेक समितिको सभापति, कोषाध्यक्ष र सदस्य-सचिव तथा अन्य समिति-सदस्यहरूको पदावधि साधारणतः पाँच वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरूको पुनः मनोनयन हुन सक्नेछ ।

१३.२ पदावधि तोकिएको समिति-सदस्यको पदावधि समाप्त नहुँदै पद रिक्त हुन आएमा बाँकी पदावधिका लागि अर्को समिति-सदस्यको मनोनय हुन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३.३ पदावधि तोकिएको समिति-सदस्यले पदावधि समाप्त नहुँदै पद त्याग गर्न चाहेमा सभापति मार्फत अध्यक्ष समक्ष लिखित राजीनामा पेश गर्नु पर्नेछ । राजीनामा स्वीकृत भएपछि त्यस्तो समिति-सदस्य आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

१३.४ कुनै समिति-सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा अध्यक्षबाट त्यस्तो समिति-सदस्यलाई जुनसुकै बखत हटाउन सकिनेछ ।

१४. समितिको काम, कर्तव्य र अधिकारः

१४.१ समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

१४.१.१ यो ऐनको उद्देश्य परिपूर्तिका लागि स्वीकृत योजनानुसारको कार्यक्रमहरू जिम्मेवारीपूर्वक कार्यान्वयन गर्ने,

१४.१.२ कोषका अध्यक्ष वा परिषद्बाट भएको मार्गदर्शन, निर्देशन, नीति तथा निर्णय अनुसार काम गर्ने,

१४.१.३ समितिले योजना र कार्यक्रम कार्यान्वयन गर्दा पञ्चायतका इकाई तथा जनताको सहभागिता जुटाउने र जनतामा भ्रम र अन्यौल नहुने गरी समितिले कार्यान्वयन गर्न लागेको योजना र कार्यक्रमको स्पष्ट जानकारी समय समयमा जनसाधारणलाई गराउने,

१४.१.४ पशुपति क्षेत्रको योजनाबद्ध रूपमा विकास गर्दा सुव्यवस्थित रूपले निर्माण, मर्मत, सम्भार र सरसफाई गरी स्वच्छ वातावरण कायम गर्ने,

१४.१.५ खानेपानी, पानी ढल, निकास ढल, बिजुली, टेलिफोन, सडक आदि जस्ता अन्य आधारभूत सार्वजनिक उपयोगिताका साधनहरू सुव्यवस्थित गर्ने र फोहर मैला हुन नपाउने गरी स्वच्छता कायम गर्न नियमित एवं प्रभावकारी कार्यविधि अपनाउने,

१४.१.६ पशुपति क्षेत्रमा वृक्षारोपण, वन, बगैंचा, उद्यान, वन्य जीवजन्तु तथा वन सम्पदा आदि समेतको रमणीय रूपमा सुव्यवस्था गर्ने,

१४.१.७ पशुपति क्षेत्रको घाट, चितास्थल, नदीको जलमार्ग, जल पदार्थ, जल प्रवाह तथा बालुवा आदि सुव्यवस्थित रूपमा संरक्षण र सम्बर्द्धन गर्ने,

१४.१.८ पशुपति क्षेत्रमा प्रदूषण हुन नदिई स्वच्छ वातावरण कायम गर्न आवश्यक नियन्त्रण तथा निषेध गर्ने,

१४.१.९ तीर्थस्थलको रक्षा र सदुपयोगका लागि व्यापक जनचेतना ल्याउन उपयुक्त माध्यमबाट प्रचार प्रसार गर्ने र जनसहभागिता परिचालन गर्ने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४.१.१० यस ऐन बमोजिम कोषका उद्देश्यहरू योजनाबद्ध रूपमा कार्यान्वयन गर्न व्यवधानको रूपमा देखिन आएका हटाउनु पर्ने, भत्काउनु पर्ने, परिवर्तन गर्नु पर्ने र नियन्त्रण गर्नु पर्ने कुराहरू गर्ने,

१४.१.११ पशुपति क्षेत्रमा गरिने निर्माण सम्बन्धमा आवश्यक मापदण्ड तोक्ने र प्रचलित नेपाल कानून बमोजिम घर जग्गा प्राप्त गर्ने तथा विभिन्न कार्यका लागि जग्गा छुट्याउने आदि कार्यहरू गर्ने, र

१४.१.१२ यस ऐनका अन्य दफाहरूबाट प्राप्त अधिकार तथा परिषद्ले समय समयमा निर्धारण गरिदिएको अन्य कार्यहरू सुव्यवस्थित रूपले गर्ने ।

१५. कार्य सञ्चालन विधिः परिषद्को आन्तरिक कार्य सञ्चालन विधि तथा समिति र उपदफा १०.१.६ अन्तर्गत गठित विभिन्न समिति तथा उप-समितिहरूको बैठक सम्बन्धी कार्य विधि र आन्तरिक कार्यसञ्चालन विधि परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ ।

१६. संरक्षकको विशेष अधिकारः संरक्षकबाट चाहिबक्सेमा परिषद् वा समिति वा दुवैलाई विघटन गरी उपयुक्त सम्झिबक्से अनुसार परिषद् वा समिति गठन गरिबक्सनेछ ।

१७. समितिको स्वीकृति लिनुपर्नेः

१७.१ कोषको उद्देश्य परिपूर्तिका लागि स्वीकृत योजना तथा कार्यक्रमहरू आवश्यकतानुसार कार्यान्वयन गर्न प्रचलित नेपाल कानून, लालमोहर, सनद, सवाल तथा अन्य लिखतहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि पशुपति क्षेत्रभित्र समितिले निषेध गरेको ठाउँमा कसैले आफ्नो हकभोगको जग्गा कुनै प्रकारले हक हस्तान्तरण गर्न र निर्माणसम्बन्धी कुनै कार्य गर्नु हुँदैन । त्यसरी समितिले निषेध गरेको ठाउँमा बाहेक अन्य ठाउँमा निर्माणसम्बन्धी कार्य गर्दा समितिले समय समयमा निर्धारण गरिदिएको मापदण्ड बमोजिम मात्र गर्नु पर्नेछ ।

१७.२ उपदफा १७.१ बमोजिम समितिले मापदण्ड निर्धारण गर्दा भवन, सडक, बाटो, पुल,पानी ढल, निकास ढल, शौचालय तथा टेलिफोन लाईन खम्बा र अन्य आधारभूत सार्वजनिक उपयोगिताको विषयहरूमा समेत मापदण्ड निर्धारण गरी लागू गर्न सक्नेछ ।

१७.३ उपदफा १७.१ र १७.२ बमोजिम समितिले मापदण्ड निर्धारण गरी छुट्याई दिएका ठाउँहरूमा समितिको पूर्वस्वीकृति बिना कसैले आफ्नो हकभोगको जग्गामा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पनि नयाँ निर्माण, पुनः निर्माण, साविक आकार र शैलीमा परिवर्तन, थपघट, मर्मत वा अन्य निर्माणसम्बन्धी कार्य गर्न पाउनेछैन ।

१७.४ निर्माणसम्बन्धी विषयमा नक्सा सहित वा रहित स्वीकृति दिने वा नक्सा पास गर्ने दायित्व भएका काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समिति, नगर पञ्चायत, वडा समिति वा अन्य निकायहरूले समितिको पूर्वस्वीकृति नलिई निर्माणसम्बन्धी नक्सा पास गर्न वा स्वीकृति दिन हुँदैन ।

१७.५ समितिको पूर्वस्वीकृति लिई गर्नुपर्ने निर्माण कार्य सम्बन्धमा समितिको पूर्वस्वीकृति नभई कुनै व्यक्तिले नक्सा पास गराई वा नगराई निर्माण कार्य गरेमा वा नक्सा पास गरी दिएमा त्यस्तो निर्माण कार्य गर्ने व्यक्ति र नक्सा पास गरिदिने सम्बन्धित व्यक्ति वा निकायलाई समितिले नगर निर्माण योजना कार्यान्वयन ऐन, २०२९ को दफा ६ मा उल्लिखित हदसम्म सजाय गर्न सक्नेछ । त्यसरी समितिको पूर्व स्वीकृति नलिई गरेका निर्माणसम्बन्धी कार्य र उपदफा १७.८ बमोजिम निर्धारित मापदण्ड वा नीति निर्देशन विपरीत स्वीकृति दिइएको निर्माण सम्बन्धी कार्य समितिले रोक्न र निर्माण भइसकेकोमा सो भत्काउन सक्नेछ र त्यसरी भत्काउँदा लागेको खर्च समेत सम्बन्धित व्यक्तिबाट असूल उपर गरी लिन सक्नेछ ।

१७.६ उपदफा १७.५ बमोजिम निर्माणसम्बन्धी अनधिकृत कार्यहरू रोक्ने, भत्काउने वा सजायको आदेश उपर चित्त नबुझ्ने पक्षले त्यस्तो आदेश सुनेको वा पाएको मितिले पन्ध्र दिनभित्र वागमती अञ्चलाधीश समक्ष पुनरावेदन दिन सक्नेछ । त्यस्तो पुनरावेदन पर्न आएमा निजले पैंतीस दिनभित्र पुनरावेदनको टुंगो लगाउनु पर्नेछ र निजको निर्णय अन्तिम हुनेछ ।

१७.७ पशुपति क्षेत्रभित्र सवारी साधनको आवागमन गर्न, विसाउन, चलचित्र खिच्न, फोटो खिच्न, पोष्टर वा तस्वीर टाँस्न, कुनै किसिमको मेला गर्न वा अन्य प्रचार प्रसार गर्न समितिको स्वीकृति लिनु पर्ने गरी समितिले व्यवस्था, नियन्त्रण तथा निषेध गर्न सक्नेछ ।

तर परम्परागत नाच-गान, चाड-पर्व, मेला गर्न वा चलाउन समितिको स्वीकृति लिनु पर्ने छैन ।

१७.८ निर्माणसम्बन्धी कार्यको स्वीकृति दिने सम्बन्धमा समितिले निर्धारण गरिदिएको मापदण्ड, नीति निर्देशन विपरीत स्वीकृति दिएमा त्यसरी स्वीकृति दिने काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिका सम्बन्धित व्यक्तिलाई विभागीय सजाय हुनेछ ।

१७.९ माथिका उपदफाहरू बमोजिम समितिले गर्नुपर्ने कार्य काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिले गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर समितिले चाहेमा त्यस्तो कार्य जुनसुकै बखत आफैले वा अन्य कुनै निकाय वा अधिकारीबाट गर्न गराउन सक्नेछ ।

१८. कोष तथा खाता:

१८.१ परिषद्ले कोषका निमित्त नेपाल अधिराज्यभित्र वा बाहिर कुनै पनि क्षेत्र, संस्था वा व्यक्तिबाट चन्दा उपलब्ध गर्न वा गराउन सक्नेछ । त्यस्तो कार्यमा परिषद् आफैले वा समिति वा उपदफा १०.१.६ अन्तर्गत गठिन विभिन्न समिति वा उपसमिति वा अन्य कुनै निकाय वा व्यक्तिद्वारा सम्पर्क राखी चन्दा प्राप्त गर्न गराउन सक्नेछ ।

१८.२ चन्दा प्राप्त गर्ने प्रक्रियाका सम्बन्धमा अन्य आवश्यक कुराहरू परिषद्ले निर्धारण गरिदिए बमोजिम हुनेछ ।

१८.३ कोषमा देहायका रकमहरू रहनेछन्:–

१८.३.१ श्री ५ को सरकारले पशुपति क्षेत्रको विकासका निमित्त प्रदान गरेको रकम,

१८.३.२ नेपाल अधिराज्यभित्र वा बाहिरका क्षेत्र, संस्था वा व्यक्तिहरूले कोषको निमित्त प्रदान गरेको चन्दा,

१८.३.३ कोषले अधिकतम आयस्ता र सुरक्षा हुने गरी लगानी गरी आर्जन गरेको रकम,

१८.३.४ कोषले उपलब्ध गराएको सेवा वापत प्राप्त हुन आएको शुल्क वा रकम, र

१८.३.५ अन्य स्रोतबाट प्राप्त रकम वा चन्दा ।

१८.४ कोष सञ्चालनको सुविधाको निमित्त कोषले नेपाल अधिराज्यभित्र वा बाहिरका बैंकहरूमा कुनै पनि मुद्रामा खाता खोली रकम जम्मा गरी खाता सञ्चालन गर्न सक्नेछ ।

१८.५ कोषको तर्फबाट गर्नु पर्ने सबै खर्च कोषबाट व्यहोरिनेछ ।

१८.६ कोषको खाताको सञ्चालन परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ ।

१९. लेखा र लेखापरीक्षण:

१९.१ कोषको आय-व्ययको लेखा परिषद्ले निर्धारण गरे बमोजिम राखिनेछ ।

१९.२ कोषको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

१९.३ महलेखा परीक्षकको विभागले चाहेमा कोषको हिसाब किताबसम्बन्धी कागजात र अरू नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०. अधिकार प्रत्यायोजनः

२०.१ परिषद्ले आफ्नो अधिकार आवश्यकतानुसार परिषद्-सदस्य, समिति, समिति-सदस्य वा उपदफा १०.१.६ अन्तर्गत गठित विभिन्न समिति वा उप-समिति वा त्यस्तो विभिन्न समिति वा उप-समितिका सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२०.२ समितिले आफ्नो अधिकार आवश्यकतानुसार समिति-सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२१. नियम बनाउने अधिकारः यस ऐनको उद्देश्य परिपूर्तिका लागि कार्य सञ्चालन गर्न परिषद्ले कार्यकारी, प्रशासनिक, आर्थिक र अन्य आवश्यक विषयहरूमा समेत आवश्यक नियमहरू बनाउन सक्नेछ । यसरी बनाएको नियम श्री ५ को सरकारबाट स्वीकृत भएको हुनु पर्नेछ ।

२२. श्री ५ को सरकारसंग सम्पर्कः कोषले श्री ५ को सरकारसंग सम्पर्क राख्दा मन्त्रिपरिषद् सचिवालय मार्फत राख्नेछ ।

२३. सुविधाः

२३.१ कोषको पूंजी, आम्दानी तथा सम्पत्तिमा कुनै किसिमको आयकर, घर जग्गा कर, सवारी साधन कर, व्याज कर, बिक्री कर, रजिष्ट्रेशन दस्तुर, भन्सार महसुल लगायत सरकारी वा स्थानीय पञ्चायत तहबाट लगाउने कुनै प्रकारका प्रत्यक्ष वा अप्रत्यक्ष कर, दस्तुर वा महसुल लगाइनेछैन ।

तर–

२३.१.१ कोषको दैनिक कार्य सञ्चालन गर्न चाहिने वस्तुहरू स्थानीय बजारमा खरिद गर्दा त्यसको मूल्यमा समावेश भएका भन्सार महसुल, बिक्रीकर, अन्तःशुल्क आदि कर वा महसुलको छुट दिइनेछैन ।

२३.१.२ कुनै सेवा वापत लाग्ने शुल्क महसुल कोषले बुझाउनेछ ।

२३.२ कोषको नाउँमा दर्ता भएको जग्गामा भूमिसम्बन्धी ऐन, २०२१ को दफा ७ बमोजिमको हदबन्दीसम्बन्धी व्यवस्था लागू हुनेछैन ।

२४. बचाउ तथा बाधा अडकाउ फुकाउने अधिकारः

२४.१ प्रचलित नेपाल कानून, लालमोहर, सनद, सवाल वा अन्य लिखतहरूमा जुनसुकै कुरा लेखिए तापनि यो ऐनमा उल्लिखित विषयहरूमा यसै ऐन बमोजिम हुनेछ ।

२४.२ यो ऐन कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा सो बाधा अडकाउ फुकाउन श्री ५ को सरकारले आवश्यक सम्झेको आदेश जारी गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५. पशुपति क्षेत्र विकास कोष अध्यादेश, २०४३ निष्क्रिय भएपछि त्यसको परिणामः

२५.१ पशुपति क्षेत्र विकास कोष अध्यादेश, २०४३ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले,–

२५.१.१ सो अध्यादेश निष्क्रिय हुँदाका बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन,

२५.१.२ सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याई अघि नै गरिएको अन्य कुनै काम वा भोगी सकेको कुनै कुरालाई असर पार्ने छैन ,

२५.१.३ सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन,

२५.१.४ सो अध्यादेश बमोजिम गरिएको कुनै दण्ड, सजाय वा जफतलाई असर पार्ने छैन ,

२५.१.५ माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड, सजायका सम्बन्धमा गरिएको कुनै काम कारवाई वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै काननी कारवाई वा उपायलाई पनि शुरू गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ ।

लालमोहर सदर मितिः– २०४४।४।२९।६

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

अनौपचारिक अनुवाद विधायिकाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।